I T

# झापा जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

### (विगो नं.१३१ तहसिल शाखा)

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

दरखास्तवाला/वादी जिल्ला पाँचथर साविक एकतिन गा.वि.स.वडा नं. ९ हाल फालेलुङ गाँउपालिका वडा नं. १ बस्ने सविता पाखिन तामाङ प्रतिवादी कर्णकुमारी तामाङ भएको मुद्दा नं. ०७३-CP-०१२८ को लेनदेन मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०७४/०९/२४ को फैसला बमोजिम ठहरेको साँवा रु ८१,६४०।– सो को लिखत मिति २०७०।१०।१० देखि भरि भराउ मितिसम्मको बार्षिक १०% ले हुने व्याज रु ४५,६९५.३३।– कोर्ट फी रु.३,४४०.२६/- र विगोको भरी भराउ मितिसम्मको नपुग कोर्ट फी रु ३७६.७०।- समेतको जग्मा बिगो रु १,३१,१५२.२९।- दिलाई भराई पाउँ भनी वादीको पाँचथर जिल्ला अदालतमा दरखास्त परी फैसला कार्यान्वयनको सिलसिलामा मिसिल यस अदालतमा प्राप्त भई पाँचथर जिल्ला अदालतबाट प्रतिवादीलाई जारी भएको ३५ दिने म्याद मिति २०७५/०८/१० मा रीतपूर्वक तामेल भई निर्दिष्ट मितिभित्र प्रतिवादीले सो रकम दाखेला नगरेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त जेथाको पंचकृते मूल्य मिति २०७६/०१/११ मा कायम भईसकेकोले विगोले थामेसम्मको जेथा उक्त पंचकृते मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७६/०४/१५ गतेको डाक बढाबढ तारेख तोकिएकोमा उक्त दिन कसैले डाक सकार नगरेको हुदाँ पुन मिति २०७६।०५।१५ मा दोस्रो डाक बढाबढको तारेख तोकिएको छ । यो सूचना तपसिल समेतका जग्गामा-१, भद्रपुर न.पा. ३ नं वडा कार्यालय -१, मालपोत कार्यालय, भद्रपुर -१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ । डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७६/०५/१५ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पंचकृते मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल(व.मी.) | दर्तावाला | पंचकृते मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| झापा | पृथ्वीनगर | ४ | १३६४ | १५२.३७ ब.मि. | पोखेल थिङ | प्रति कठ्ठा रु.१,००,०००।– (एकलाख) मात्र | |

इति सम्वत् २०७६ साउन २१ गते रोज ३ शुभम्.......................................................